उदयपुरगढी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

उदयपुरगढी, उदयपुर, कोशी प्रदेश, नेपाल

## उदयपुरगढी दरबार क्षेत्र पर्यटन शुल्क संकलन ठेक्का बन्दोबस्ती सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**दोश्रो पटक सुचना प्रकाशित मिति : २०८२-०४-२८**

उदयपुरगढी गाउँपालिकाको आ.व. २०८२/८३ का लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को घ (१), उदयपुरगढी गाउँपालिकाको आर्थिक ऐन, २०८२ को दफा १५ बमोजिम उदयपुरगढी गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८२/०४/११ गतेको निर्णयानुसार **उदयपुरगढी दरबार क्षेत्र पर्यटन प्रवेश शुल्क संकलन सम्वन्धी ठेक्का बन्दोवस्त** गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट तोकिएको न्यूनतम् अंकमा नघट्ने गरी यस सूचना प्रकाशित भएकोमा रीतपूर्वक एउटा पनि दरभाउपत्र पेश हुन नआएको हुँदा दोश्रो पटक सूचना प्रकाशित मितिले १५ दिन भित्र (२०८२/०५/११ गते कार्यालय समय भित्र) शिलबन्दी दरभाउ पत्र खरिद गरी १६औं दिनको १२:०० बजे भित्र उल्लेखित शर्तहरू पूरा गरी रीतपूर्वक दरभाउपत्र पेश गर्नुहुन शिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ।

**आय ठेक्काको विवरण**

| क्र.सं. | ठेक्का संकेत | ठेक्काको विषय क्षेत्र | न्युनतम ठेक्का रकम | दरभाउपत्र फारम दस्तुर रु. | दरभाउपत्र बुझाउने अन्तिम मिति | धरौटी / जमानत रकम | दरभाउपत्र खुल्ने मिति तथा समय | रकम जम्मा गर्ने विवरण | दररेट |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | URM/IR/01-2082/083 | उदयपुरगढी दरबार क्षेत्र प्रवेश शुल्क र पिकनिक स्पट सेवा शुल्क संकलन | १,००,०००.००/- (अक्षरुपी रु. एक लाख रुपैया मात्र) | रु.१०००/- | २०८२/०५/१२ दिनको १२:०० बजे | मु.अ.कर. सहित कबोल अंकको ५ % ले हुन आउने रकम | २०८२/०५/१२ दिनको १:०० बजे | सानिमा वैंक, गढी शाखा राजस्व खाता नं १२४०१००४००००००१ धरौटी खाता नं १२४०१००४०००००१५ | • प्रवेश शुल्क रु. २०/- (विद्यार्थी, अपाङ्गता भएका व्यक्ती र जेष्ठ नागरिकहरु लाई रु. १०/-)<br>• पिकनिक स्पट सेवा शुल्क रु. ५००/- (विद्यालय रु. २००)<br>• ३ वर्ष मुनिको बच्चाको हकमा शुल्क नि:शुल्क हुनेछ। |

**नोट:-**

- शुल्क संकलनको दररेट उदयपुरगढी गाउँपालिकाको आर्थिक ऐन, २०८२ अनुसार हुनेछ र अन्य विषयहरु प्रचलित कानुन बमोजिम हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत

**ठेक्का सम्बन्धि शर्तहरु :**

१. दरभाउपत्र फाराम खरिद गर्दा फर्म/कम्पनीले फर्म दर्ता प्रमाणपत्रको प्रतिलीपी, नवीकरण भएको दर्ता प्रमाणपत्रको प्रतिलिपी, मूल्य अभिवृद्धि कर तथा कर चुक्ताको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ भने ब्यक्तिको हकमा नागरिकताको प्रमाणपत्रको प्रतिलीपी र पान कार्ड पेश गर्नुपर्नेछ।

२. दरभाउपत्र फाराम दस्तुर प्रत्येक ठेक्काको लागि रु. १,०००/- (एक हजार) मात्रको नगदी रसिद बुझाई वा यस गाउँपालिकाको राजस्व खाता नं. १२४०१००४००००००१, सानिमा बैंक मा दाखिला गरेको सक्कल भौचर सहित १५ (पन्ध्यै) दिन भित्र दरभाउपत्र फाराम खरिद गरिसक्नु पर्नेछ।

३. दरभाउपत्र फाराम यो सूचना प्रकाशित भएको मितिले १६औं दिनको १२:०० बजे भित्र दरभाउपत्र पेश गर्नु पर्नेछ। यसरी पेश भएको शिलबन्दी दरभाउपत्र सोही दिन दिनको १:०० बजे गाउँपालिकाको प्रतिनिधिहरु र दरभाउपत्रदाताहरुको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। दरभाउपत्र खोल्ने समयमा दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न कुनै बाधा हुने छैन।

४. अधिकार प्राप्त प्रतिनिधि मार्फत दरभाउपत्र प्रकृयामा भाग लिन अनिवार्य रुपमा अधिकार पत्र (Power of Attorney) पेश गर्नु पर्ने छ।

५. दरभाउपत्र फाराम साथ आफुले कवोल गरेको कुल अंकको ब्यक्ती, फर्म वा कम्पनीले ५ प्रतिशत धरौटी रकम यस गाउँपालिकाको सानिमा बैंक उदयपुरगढी शाखामा रहेको धरौटी खाता नं. १२४०१००४००००००१५ मा जम्मा गरि सोको सक्कल भौचर वा यस गाउँपालिकाको नाममा कुनै मान्यता प्राप्त बैंकले जारी गरेको कम्तीमा ७५ दिन म्याद भएको बैंक ग्यारेण्टी (विड वण्ड) पेश गर्नु पर्नेछ।

६. दरभाउपत्रदाताले आफूले कबोल गरेको ठेक्का रकम दरभाउपत्र फाराममा अंक र अक्षरमा स्पष्ट रुपमा लेखि सहि छाप गरि खामबन्दी गरि शिल लाहाछाप लगाई खामको माथि आफ्नो नाम, ठेगाना, सम्पर्क नं., ईमेल र ठेक्का नं. लेखी दरभाउपत्र फाराम दर्ता गराउनु पर्नेछ।

७. दरभाउपत्र फाराममा भरेको अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

८. दरभाउपत्र खरिद गर्ने तथा दर्ता गराउने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्य सोको लगतै कार्यालय खुलेको दिनमा गरिनेछ।

९. न्यूनतम ठेक्का रकम भन्दा सबै भन्दा बढी ठेक्का रकम कबोल गर्ने दरभाउपत्रदाताको दरभाउपत्र स्वीकृत गरिनेछ।

१०. दरभाउपत्र स्वीकृत पश्चात पत्र बुझेको ७ दिन भित्र सम्बन्धित दरभाउपत्रदाता वा फर्मले नियमानुसार अग्रीम आयकर तथा मू.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी साथै लिई सम्झौता गर्न यस गाँउपालिकामा आउनु पर्नेछ। अन्यथा धरौटी रकम जफत गरि दोश्रो दरभाउपत्रदाताको दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा पुनः दरभाउपत्र आव्हान गर्ने वा नगर्ने अधिकार गाउँपालिकामा सुरक्षित रहने छ।

११. ठेक्का सम्झौताको समयमा ठेक्दारले कबोल अंकको सत प्रतिशत रकम यस गाउँपालिकाको सानिमा बैंक उदयपुरगढी शाखामा रहेको राजस्व खाता नं. १२४०१००४००००००१५ मा जम्मा गरेको सक्कल भौचर अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

१२. ठेक्काको अवधि दरभाउपत्रदातासँग सम्झौता भएको मिति देखि २०८३ असार मसान्त सम्म रहनेछ।

१३. ठेक्का सम्झौता भैसकेपछि बन्द, हडताल वा कुनै कारणबाट ठेक्का रकममा कुनै प्रकारको छुट र मिनाहा माफी दिइने छैन। प्रचलित कानून बमोजिम तिर्नुपर्ने सम्पूर्ण करहरु स्वयम् ठेकेदारले तिर्नुपर्नेछ।

१४. सम्झौता अनुरुप काम नगरेमा वा अनुमति बिना सम्झौतामा भए भन्दा अन्य कार्य गरेमा अनुमति बिना ठेक्का रद्द समेत गर्न सकिनेछ।

१५. ठेकेदारले ठेक्का भोग चलान गर्दा यस गाउँपालिकाको निर्देशन र सम्झौतामा उल्लेखित शर्त बमोजिम काम गर्नु पर्नेछ।

१६. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकामा निहीत हुनेछ।

१७. पेश भएको दरभाउपत्रमा केरमेट भएको, सही छाप नभएको, म्याद नाघी दर्ता हुन आएको दरभाउपत्र स्वीकृत गरिने छैन।

१८. दरभाउपत्रदाता तथा गाउँपालिका बीच कुनै किसिमको मतभिन्नता भएमा प्रचलित ऐन, कानुन, नियम, कार्यविधि वा निर्देशिकाको परिधि भित्र रहि यस गाउँपालिकाको निर्णयलाई अन्तिम निर्णय मानिनेछ।

१९. सम्मानीत अदालत, नेपाल सरकार र यस गाँउपालिकाको नीति, निर्देशन तथा आदेशको पालाना गर्नु/गराउनु ठेकेदारको कर्तव्य एवं दायित्व हुनेछ। नीति, निर्देशन वा अदालतको आदेशको पालनाको कारणबाट कुनै क्षति हानी नोक्सानी हुन गएमा सोको क्षतिपुर्तीको दावी ठेकेदारले गाउँपालिका संग गर्न पाउने छैन।

२०. ठेकेदारले ठेक्का स्वीकृत भए पश्चात कबोल रकमको १३ प्रतिशत मुल्य अभिवृद्धि कर र १.५ प्रतिशत अग्रिम आय करको रकम आन्तरिक राजश्व कार्यालयमा दाखिला गरी सोको प्रमाण यस गाउँपालिकामा पेश गर्नुपर्नेछ।

२१. ठेकेदारले राखेको धरौटी ठेक्का अवधि समाप्त भए पश्चात आन्तरिक राजश्व कार्यालयबाट कर चुक्ताको प्रमाण ल्याए पछि फिर्ता गरिने छ। साथै यस गाउँपालिकाबाट उपलब्ध गराएको पट्टामा उल्लेखित दर भन्दा बढी शुल्क असुली गरिएको पाइएमा सोही धरौटी वा बिडबन्डबाट कट्टा गरि सम्बन्धित व्यक्तिलाई फिर्ता गरिनेछ।

२२. ठेक्कासँग सम्बन्धित रसिदहरु ठेक्केदार स्वयंम आफैले छपाई गरि यस गाउँपालिकाबाट प्रमाणित गरि प्रयोग गर्नु पर्नेछ। गाँउपालिकाबाट प्रमाणित नगरि रसिद प्रयोग गरिएको पाइएमा नियमानुसार कारवाही हुनेछ।

२३. यस सूचनामा उल्लेख भएका कुराहरु यसै अनुसार र नभएको कुराको हकमा नेपालको प्रचलित कानुन बमोजिम हुनेछ।

२४. प्रचलित नियमानुसार कालो सूचीमा परेका र गाउँपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता भएका व्यक्ति, फर्म/कम्पनीहरुको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन।

पुनश्च : दरभाउपत्र खरीद गरि पेश गर्दा खरीद डकुमेन्टमा उल्लेख गरिएको विवरणहरुलाई भन्दा यस सूचनालाइ आधार मानी यसमा लेखिएको शर्तहरु बमोजिम कागजात तथा रकमहरु पेस गरिएको दरभाउपत्रलाई मात्र अन्तिम मान्यता दिइने छ।